नेपाली काङ्ग्रेसका नगर सभापति श्री विमल ढकाल, नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रका श्री जोनी सुनार, नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादीका श्री डिल बहादुर खत्री, नेपाल समाजवादी पार्टीका श्री नारायणी अधिकारी, इलाका प्रहरी कार्यालय ठाँटीपोखरीका प्रहरी निरीक्षक श्री सुरेन्द्र तामाङ सहित विभिन्न राजनीतिक एवं सामाजिक व्यक्तित्वहरुको सहभागिता रहेको उक्त कार्यक्रममा जवाफदेहि वक्ताका रुपमा प्रमुख प्रशासकीय अधिकृत सहित सम्पूर्ण विषयगत शाखाका प्रमुखहरु रहनु भएको थियो । कार्यक्रममा सहभागी नागरिकहरुले सेवा प्रवाह एवं विकास व्यवस्थापनका सम्वन्धमा विभिन्न प्रश्नहरु गर्नुका साथै नगरपालिकालाई थप व्यवस्थित, प्रभावकारी र जवाफदेही तुल्याउनका लागि विभिन्न सुझावहरु समेत प्रदान गरेका थिए ।

**५) प्रदेश कार्यदलद्वारा आँपपिपल अस्पतालको अवलोकन**

गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम र स्वीकृत वार्षिक विकास कार्यक्रम अनुसार आँपपिपल अस्पताललाई स्तरोन्नती गरी प्रदेश सरकार मातहत लैजानका लागि सम्भाव्यता अध्ययन गरी प्रतिवेदन पेश गर्ने प्रयोजनका लागि गण्डकी प्रदेश सरकारको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयद्वारा गठित कार्यदलले २०८० श्रावण महिनाको अन्तिम हप्तामा आँपपिपल अस्पतालको अवलोकन एवं निरीक्षण कार्य सम्पन्न गरेको छ । उक्त कार्यदलले सो क्रममा अस्पतालको भौतिक संरचना, जनशक्ति विवरण, विरामीको चापको अवस्था, आवश्यक उपकरणहरुको उपलब्धता लगायतका विषयमा स्थलगत रुपमा अवलोकन गरी आवश्यक विवरणहरु संकलन गरेको छ भने नगर प्रमुख, उपप्रमुख सहितका सरोकारवालाहरुसँग समेत छलफल गरेको छ । पालुङटार नगरपालिकाको नगर सभा एवं कार्यपालिकाको बैठकले उक्त अस्पताललाई पचास शैयाको अस्पतालको रुपमा स्तरवृद्धि गरी सो को सम्पूर्ण स्वामित्व गण्डकी प्रदेश सरकारलाई हस्तान्तरण गर्ने सम्वन्धमा निर्णय गरेको थियो भने सो निर्णय समेतको आधारमा प्रदेशको आ ब ०८०/८१ को नीति तथा कार्यक्रम र विकास कार्यक्रममा उक्त प्रावधान समेटिएको थियो । उक्त कार्यका लागि गण्डकी प्रदेशको स्वास्थ्य निर्देशनालयका महानिर्देशकको संयोजकत्वमा एक कार्यदलको गठन गरी उक्त कार्यदललाई विभिन्न कार्यशर्त सहित सम्भाव्यता अध्ययनको जिम्मेवारी प्रदान गरिएको थियो । उक्त अवलोकनमा कार्यदलका संयोजक एवं स्वास्थ्य निर्देशनालयका महानिर्देशक डा खिम बहादुर खड्का, कार्यदल सदस्य एवं प्रदेश स्वास्थ्य

आपूर्ति व्यवस्था केन्द्रका महानिर्देशक डा राजिव रिजाल, कार्यदलका सदस्य सचिव डा रमेश के सी सहितका अन्य सम्वन्धित व्यक्तिहरुको उपस्थिति रहेको थियो।

**६) एम्वुलेन्स सञ्चालक समितिहरुको बैठक**

एम्वुलेन्स सञ्चालनका सम्वन्धमा परिमार्जित कानूनहरुका सम्वन्धमा जानकारी गराउने साथै एम्वुलेन्स सञ्चालनका सम्वन्धमा एकरुपता कायम गर्ने उद्देश्यले पालुङटार नगरपालिकामा सञ्चालित सम्पूर्ण एम्वुलेन्स सञ्चालक समितिहरुसँग पालुङटार नगरपालिकाले मिति २०८० श्रावण २६ गते एक बैठकको आयोजना गरेको छ। स्वास्थ्य शाखाको आयोजनामा सम्पन्न उक्त बैठक कार्यक्रममा राष्ट्रिय एम्वुलेन्स निर्देशिका २०७८ का प्रमुख प्रावधानहरुका सम्वन्धमा स्वास्थ्य संयोजक श्री सृजना पोखरेलले जानकारी गराउनु भएको थियो। सो बैठकले निर्देशिकामा उल्लेख भए वमोजिमका प्रक्रिया पुरा गरी एम्वुलेन्सको नविकरण गर्ने एवं ग वर्गको साविकका एम्वुलेन्सहरुलाई विरामी ओसारपसार गर्ने साधनको रुपमा नाम परिवर्तन गर्ने समेत निर्णय भएको थियो। एम्वुलेन्स सञ्चालनका क्रममा रहेका जटिलताहरु एवं देखिएका समस्याहरुका सम्वन्धमा छलफल गर्दै समस्याका निराकरणका सम्भाब्य उपायहरुका सम्वन्धमा समेत उक्त बैठकमा छलफल भएको थियो।

**७) लम्की स्किन रोग विरुद्धको खोप अभियान**



पालुङटार नगरपालिकाका विभिन्न स्थानहरुमा गाई भैंसीहरुमा देखा परेको लम्की स्कीन रोगबाट बच्नका लागि गाईभैंसीहरुमा उक्त रोग विरुद्व खोप अभियान सञ्चालन गरिएको छ। प्रत्येक वडाका लागि २०० डोज खोपका साथै आवश्यक औषधी समेत खोपकर्ताहरु मार्फत उपलब्ध गराइएको थियो। यस क्रममा श्री सरोज देवकोटालाई वडा नं ९ र १०, श्री अजय रानालाई वडा नं २ र ३, श्री सुदीप सुनारलाई वडा नं ७ र ८, श्री गोपाल अधिकारीलाई वडा नं १ र ६ तथा श्री हरि श्रेष्ठलाई वडा नं ४ र ५ को जिम्मेवारी प्रदान गरिएको थियो। नगरक्षेत्रमा फैलिएको लम्की स्कीन रोगको न्यूनीकरणका लागि गत आर्थिक वर्षमा समेत केहि खोप एवं औषधीको व्यवस्था गरिएकोमा यस क्षेत्रमा

थप फैलिएको रोगलाई मध्यनजर गर्दै नगरपालिकाको विपद् समितिको बैठकले आवश्यक खोप र औषधी खरिदका साथै जनशक्ति परिचालनको लागि विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी आवश्यक वजेटको प्रवन्ध गरिएको थियो ।

**८) इएलआइएमएस सम्वन्धी अभिमुखीकरण कार्यक्रम**

स्वास्थ्य संस्था एवं उपकरणहरुको व्यवस्थित अभिलेख एवं प्रतिवेदन प्रणालीलाई सूचना प्रविधिसँग जोड्नका लागि लागु गरिएको इएलआइएमएस प्रणालीलाई स्वास्थ्य संस्थाहरुसम्म पुर्याउने उद्देश्यका साथ उक्त प्रणालीसँग सम्वन्धित ३ दिने अभिमुखीकरण कार्यक्रम पालुङटार नगरपालिकामा सम्पन्न भएको छ । मिति २०८० श्रावण २८, २९ र ३० गते नगरपालिकाको सभाहलमा प्रमुख प्रशासकीय अधिकृत श्री गौतम भण्डारीको अध्यक्षता, नगर प्रमुख श्री विवश चिन्तन एवं उपप्रमुख श्री बन्दना पाण्डेको उपस्थितिमा सञ्चालित उक्त कार्यक्रमको सहजीकरण गण्डकी प्रदेशको इएलआइएमएस संयोजक श्री सुस्मिता सुवेदीले गर्नुभएको थियो । कार्यक्रमको उद्देश्यमाथि प्रष्ट पार्दै स्वास्थ्य संयोजक श्री सृजना पोखरेलले सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई प्रविधिमैत्री तुल्याउने क्रममा विविध विद्युतीय प्रणालीहरुलाई लागु गर्ने क्रममा यस प्रणालीको व्यवस्थित प्रयोग पश्चात औषधी उपकरणहरु एवं अन्य सामाग्रीहरुको माग र आपूर्तिका सम्वन्धमा स्पष्ट चित्र प्रस्तुत भई समयमा नै आवश्यका सामाग्रीहरुको परिपूर्तिका साथै प्राप्त सामाग्रीहरुको संरक्षणमा समेत मद्दत पुग्ने विश्वास लिनु भएको थियो । कार्यक्रममा आँपपिपल अस्पतालका साथै सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट दुई दुई जना स्वास्थ्यकर्मीहरुको सहभागीता रहेको थियो ।

**९) एचआइएमएस डिजिटाईजेसन सम्वन्धी अभिमुखीकरण कार्यक्रम**



स्वास्थ्य संस्थाहरुले नियमित रुपमा सञ्चालन गर्ने क्रियाकलापहरुलाई प्रविधिमैत्री तुल्याउनुका साथै उक्त कार्यहरुको अभिलेखीकरण एवं प्रतिवेदन प्रणालीलाई डिजिटाईज गर्ने उद्देश्य सहित एचआइएमएस डिजिटाइजेसन सम्वन्धी अभिमुखीकरण तालीम पालुङटार नगरपालिकामा सम्पन्न भएको छ । मिति २०८० श्रावण ३१ र ३२

गतेका दिन नगरपालिकाको स्वास्थ्य शाखाको आयोजनामा एक कार्यक्रमका विच पालुङटार नगरपालिकाको सभाहलमा उक्त कार्यक्रम सम्पन्न भएको हो । नगर प्रमुख श्री विवश चिन्तन, उपप्रमुख श्री बन्दना  पाण्डे, प्रमुख प्रशासकीय अधिकृत श्री गौतम भण्डारी, स्वास्थ्य कार्यालय गोरखाका प्रमुख श्री यम प्रसाद शर्माको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रमको सहजीकरण स्वास्थ्य कार्यालय गोरखाका जनस्वास्थ्य निरीक्षक श्री नानीबावु दानीले गर्नुभएको थियो । पालुङटार नगरपालिका अन्तरगतका सम्पूर्ण स्वास्थ्यकर्मीहरुलाई प्रदान गरिएको उक्त तालिम पश्चात स्वास्थ्यको अभिलेख एवं प्रतिवेदन प्रणाली थप चुस्त, दुरुस्त एवं प्रभावकारी तुल्याउन सकिने विश्वास लिइएको छ । आवश्यक उपकरणहरुको व्यवस्था एवं तालिम समेत प्रदान गरिएको स्थितिमा यस कार्यमा आफूलाई अव्वल सावित गर्ने प्रतिवद्वता स्वास्थ्यकर्मीहरुले गर्नुभएको थियो ।

**१०) स्वास्थ्य कार्यक्रमहरुको वार्षिक समीक्षा कार्यक्रम**

मिति २०८० भाद्र ९ गते शनिबारका दिन पालुङटार नगरपालिकाको स्वास्थ्य शाखाको आयोजनामा गत आर्थिक वर्षमा सम्पादित स्वास्थ्य कार्यक्रमहरुको प्रगति समीक्षा कार्यक्रम सम्पन्न भएको छ । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री गौतम भण्डारीको अध्यक्षता, उपप्रमुख श्री बन्दना पाण्डेको प्रमुख आतिथ्यता एवं स्वास्थ्य कार्यालय गोरखाका क्षयकुष्ठ अधिकृत श्री नरजंग ठकुरीको आथित्यतामा सम्पन्न उक्त कार्यक्रम स्वास्थ्य संयोजक श्री सृजना पोखरेलले सञ्चालन तथा शाखामा कार्यरत स्टाफ नर्स श्री गोमा श्रेष्ठले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो । कार्यक्रममा पालिका



## ११) स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीहरु सम्मानित



आर्थिक बर्ष २०७९/८० मा सम्पादित कार्यहरुको मूल्यांकनको आधारमा पालुङटार नगरपालिकाको स्वास्थ्य शाखाले पालिका मातहतका विभिन्न स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थालाई सम्मानित गरेको छ । नगरपालिकाको सभाहलमा एक कार्यक्रमका विच मिति २०८० भाद्र ९ गते शनिवारका दिन गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, गण्डकी प्रदेशका नीति तथा योजना आयोगका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटा तथा नगर उपप्रमुख श्री बन्दना पाण्डेले कर्मचारी तथा संस्थाका प्रतिनिधिलाई टीका, दोसल्ला तथा प्रमाणपत्रबाट सम्मानित गर्नुभएको थियो । उक्त अवसरमा स्वास्थ्य संस्थाहरुहरु मध्यबाट श्री खोप्लाङ स्वास्थ्य चौकी, कर्मचारीहरु मध्यबाट च्याङ्ली स्वास्थ्य चौकीमा कार्यरत सि अ हे व श्री भरतराज पाण्डे, आँपपिपल स्वास्थ्य चौकीमा कार्यरत अ न मि श्री पवित्रादेबि पोखरेल तथा धुवाँकोट स्वास्थ्य चौकीमा कार्यरत कार्यालय सहयोगी श्री अम्बिका अधिकारीलाई सम्मानित गरिएको थियो । कार्यक्रमका अवसरमा गण्डकी प्रदेशका मा मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गण्डकी प्रदेश सरकारले स्वास्थ्य क्षेत्र सहित अन्य क्षेत्रमा यस आर्थिक वर्षमा ल्याएका नीति तथा कार्यक्रमका साथै विभिन्न कार्यक्रमहरुका लागि विनियोजित वजेटका सम्वन्धमा जानकारी दिनुहुँदै स्वास्थ्य क्षेत्रमा आवश्यक सुधारका लागि तीनै तहका सरकारहरु विचको समन्वय एवै सहकार्यमा जोड दिनुभएको थियो ।

## १२) विश्व आत्महत्या रोकथाम दिवस सम्पन्न

"कार्यहरु मार्फत आशा जगाऔं" भन्ने मूल नाराका साथ विश्वभर सेप्टेम्वर १० तारिखका दिन मनाईने विश्व आत्महत्या रोकथाम दिवस पालुङ्टार नगरपालिकामा समेत मनाईएको छ । पालुङटार नगरपालिका वडा नं ९ स्थित झगरे बगैंचामा पालुङटार नगरपालिकाको आयोजना, ९ नं वडा कार्यालयको सहआयोजना एवं धर्मोदय मा वि को सहभागितामा सम्पन्न अन्तरक्रिया कार्यक्रममा नगर प्रमुख श्री

विवश चिन्तन, वडा नं ९ का अध्यक्ष श्री भेजराज पाण्डे, त्रिवेणी मा वि का प्रधानाध्यापक श्री गणेश सेढाईं, सुरक्षाकर्मी, विद्यार्थी र स्थानीय समुदायहरुको समेत सहभागिता रहेको थियो। विश्वव्यापी रुपमा समस्याको रुपमा रहेको आत्महत्याका घटनाहरु पालुङटार नगरपालिकामा समेत समस्याको रुपमा



रहिरहेको छ। मानसिक समस्या समेत आत्महत्याको एक प्रमुख कारण वनिरहेको सन्दर्भमा कोशिष नेपाल नामक एक गैरसरकारी संस्थाले यसका लागि एक परियोजना सञ्चालन गरिरहेको छ भने सुरक्षित आप्रवाशन कार्यक्रम अन्तरगत समेत मनोसामाजिक परामर्शका कामहरु सञ्चालन भईरहेका छन। तीनै तहका सरकारहरु, राजनैतिक दल, सरकारी तथा गैरसरकारी निकायहरु, स्थानीय समुदाय समेतका सम्पूर्ण सरोकारवालाहरुको सामूहिक प्रयासका विचबाट यस खालका समस्याहरुको न्यूनीकरणमा सकरात्मक कार्य गर्न सकिने हुनाले आवश्यक समन्वय एवं सहकार्यका लागि सहभागीहरुले कार्यक्रममा जोड दिएका थिए। उक्त अन्तरक्रिया कार्यक्रम अगाडि उक्त स्थानमा एक र्यालीको समेत आयोजना गरिएको थियो।

**१३) संविधान दिवसका सन्दर्भमा विविध कार्यक्रम सम्पन्न**

२०८० भाद्र २६ गते बसेको नगरकार्यपालिकाको ७५ औं बैठकको निर्णय बमोजिम पालिका अन्तरगतका विभिन्न वडा कार्यालयहरु तथा नगरपालिकाको आयोजनामा संविधान दिवसको सन्दर्भमा यही असोज ३ गते विविध कार्यक्रमहरु सञ्चालन भएको छ। उक्त सन्दर्भमा आँपपिपल अस्पतालमा रहनुभएका विरामीहरुलाई फलफूल तथा जुस वितरण कार्य सम्पन्न भएको छ। नगर प्रमुख श्री विवश चिन्तन, उपप्रमुख श्री वन्दना पाण्डे, वडा नं २ का अध्यक्ष श्री कृष्ण वहादुर थापा, वडा नं ३ का अध्यक्ष श्री रविन्द्र अधिकारी सहितको सहभागितामा उक्त कार्यक्रम सम्पन्न भएको थियो भने सोही दिन वेलुका नगरपालिका प्राङ्गणमा दिप प्रज्ज्वलन कार्य सम्पन्न भएको छ। नगर प्रमुख श्री विवश चिन्तन, प्रमुख

प्रशासकीय अधिकृत श्री गौतम भण्डारी सहित कर्मचारीहरु एवं स्थानीय समुदायको उपस्थितिमा उक्त कार्यक्रम सम्पन्न भएको थियो । यसै विच सोही सन्दर्भमा नगर प्रमुख श्री विवश चिन्तनले एक शुभकामना वक्तव्य समेत प्रकाशन गर्नु भएको छ । संविधानले सुनिश्चित गरेको नागरिकको हक अधिकारको कार्यान्वयनका साथै विविधतामा रहेको समाजको एकता कायम गर्दै सुन्दर, शान्त र विकसित नगरको रुपमा विकास गर्ने प्रतिवद्वता व्यक्त गर्दै पालुङ्टार नगरपालिकालाई देशकै उत्कृष्ट नगरको रुपमा विकास गर्न सम्पूर्ण नगरवासी, राजनैतिक दलका नेतागण, सामाजिक क्षेत्रमा कार्यरत व्यक्तित्वहरु, समाजसेवी, शिक्षक, बौद्धिक व्यक्तित्वहरु, व्यवसायी, कृषकका साथै कर्मचारीहरुको सकरात्मक सहयोग र हातेमालो अत्यावश्यक रहेको तथ्यलाई मनन गरेको व्यहोरा समेत उक्त वक्तव्यमा उल्लेख गरिएको छ।



**१४) रोल्पाका स्थानीय तहहरुको पालुङ्टार नगरपालिका भ्रमण**

रोल्पा जिल्ला स्थित रोल्पा नगरपालिकाको उपप्रमुख श्री गीता आचार्य, सुनिल स्मृति गाउँपालिकाको उपाध्यक्ष श्री मीना थापा सहित दुवै पालिकाका न्यायिक समितिका पदाधिकारीहरु एवं कर्मचारीहरुको समूहले पालुडटार नगरपालिकाको न्यायिक समितिसँग छलफल तथा अनुभव आदान प्रदान कार्य सम्पन्न गरेको छ । अन्य पालिकाका न्यायिक समितिद्वारा सम्पादित कार्यहरुको अनुभव प्राप्त गरी न्यायिक समितिका कामकारवाहीहरुलाई थप व्यवस्थित एवं प्रभावकारी तुल्याउने मुख्य उद्देश्य सहित लुम्विनी प्रदेश एवं गण्डकी प्रदेशका विभिन्न



पालिकाहरुको भ्रमणको क्रममा उक्त समूह यही असोज १० गते बुधबारका दिन पालुङ्टार नगरपालिका आईपुगेको हो । सो क्रममा पालुङ्टार नगरपालिकाका नगर प्रमुख श्री विवश चिन्तन, उपप्रमुख श्री वन्दना पाण्डे, प्रमुख प्रशासकीय अधिकृत श्री गौतम भण्डारी, न्यायिक समितिका सदस्यहरु सहित जनप्रतिनिधि एवं कर्मचारीहरुसँग न्यायिक समितिका कार्यहरु, उक्त कार्य सम्पादनका क्रममा देखिएका समस्याहरु एवं उक्त समस्याहरुका कानूनी एवं व्यवहारिक समाधानका सम्भाव्य उपायहरु तथा कार्यसम्पादनका क्रममा अवलम्वन गरिएका असल अभ्यासहरुका सन्दर्भमा समेत छलफल भएको थियो । न्यायिक समितिको सचिवालय एवं इजलासको समेत अवलोकन गरिएको उक्त कार्यक्रममा तीनवटै पालिकाहरुले सम्पादन गरेका कार्यक्रमहरु एवं सो बाट प्राप्त उपलब्धीहरु एवं गरिएका सिकाईहरुका सन्दर्भमा समेत आपसी छलफल भएको थियो ।

**१५) रेविज दिवसका अवसरमा कार्यक्रम सम्पन्न**

"एकको लागि सबै, सबैको लागी एक स्वास्थ्य" भन्ने मूल नाराका साथ विश्वभर मनाईएको विश्व रेविज दिवस पालुङटार नगरपालिकामा समेत यही २०८० असोज ११ गते मनाइयो । पशु सेवा शाखाको आयोजनामा नगरपालिकाका विभिन्न स्थानमा रेविजका सम्वन्धमा जनचेतना अभिवृद्वि गर्नुका साथै



कुकुर विरालालाई रेविज विरुद्वको भ्याक्सीन लगाई उक्त दिवस मनाईएको हो । अमरज्योती जनता मा वि लुईंटेल तथा भवानी मा वि ठाँटीपोखरीका करिव ३०० जना विद्यार्थीहरुका विचमा शाखामा कार्यरत डा सुरज मरहट्टा सहित अन्य कर्मचारीहरुले रेविज रोगका सम्वन्धमा प्रस्तुती गर्नुभएको थियो । यसै गरी नगरपालिकाका वडा नं ४, ५ र ७ अन्तरगतका बडडाँडा, ठाँटीपोखरी र विरुवाटारमा रहेका सामुदायिक तथा घरमा पालिएका कुकुर विरालोहरुमा पशु

प्राविधिकहरु सम्झना न्यौपान, हरि श्रेष्ठद्वारा रेविज विरुद्धको खोप लगाइएको थियो । विश्व स्वास्थ्य संगठनद्वारा मान्यताप्राप्त विश्व रेविज दिवस प्रत्येक वर्ष सेप्टेम्वर २८ का दिन विश्वभर मनाउने गरिन्छ ।

**१६) मेलमिलापकर्ताहरुका लागि पुनर्ताजगी कार्यक्रम सम्पन्न**

पालुङटार नगरपालिकको न्यायिक समिति अन्तरगत सूचिकृत मेलमिलापकर्ताहरु एवं वडा अध्यक्षहरुको लागि मेलमिलाप सम्वन्धी २ दिने पुनर्ताजगी तालिम "हाम्रो विवाद हाम्रो बिबाद हामीबाटै समाधान गरौं" भन्ने मुल नाराका साथ नगर उपप्रमुख एवं न्यायिक समितिका संयोजक श्री बन्दना पाण्डेको अध्यक्षतामा सम्पन्न भयो । जिल्ला समन्वय समिति गोरखाका उपप्रमुख श्री लिला परियारज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा नगर प्रमुख श्री विवश चिन्तन, माननीय जिल्ला न्यायाधिश तेजेन्द्र सापकोटा, जिल्ला अदालत गोरखाका श्रेस्तेदार श्री मदनराज भट्टराई, नेपाल बार एशोशियन गोरखा इकाई अध्यक्ष श्री यादव शर्मा, प्रमुख प्रशासकीय अधिकृत श्री गौतम भण्डारी, ईलाका प्रहरी कार्यालय गोरखाका प्रहरी निरीक्षक श्री सुरेन्द्र तामाङ, वडा अध्यक्षहरु, सूचिकृत मेलमिलापकर्ता एवं कर्मचारीहरुको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा मेलमिलाप सम्वन्धी विविध विषयमा प्रशिक्षणका साथै रोल अभिनय समेत गरिएको थियो ।



**१७) पोषण समीक्षा तथा योजना तर्जुमा गोष्ठी**



यही २०८० साल असोज १५ गते सोमवारका दिन पालुङटार नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा आ व ०७९/८० मा सम्पादित पोषण कार्यक्रमहरुको समिक्षा तथा योजना तर्जुमा गोष्ठी

कार्यक्रम सम्पन्न भएको छ । प्रमुख प्रशासकीय अधिकृत श्री गौतम भण्डारीको अध्यक्षता, नगर उपप्रमुख श्री बन्दना पाण्डेको प्रमुख आतिथ्यता तथा स्वास्थ्य कार्यालय गोरखाका पोषण फोकल पर्सन श्री नवराज खड्काको आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रमको उद्देश्य माथि प्रकाश स्वास्थ्य संयोजक श्री सृजना पोखरेलले गर्नुभएको थियो । प्रत्यक स्वास्थ्य संस्थाबाट संस्था प्रमुख तथा पोषण फोकल पर्सनहरुको उपस्थिति रहेको उक्त कार्यक्रममा गत आर्थिक वर्षमा सम्पादित कार्यहरुको समीक्षा गरिएको थियो । साथै उक्त कार्यक्रममा आगामी आर्थिक वर्षको लागि पोषण अवस्थामा सुधारका लागि सम्पादन गरिने विभिन्ने कार्यहरु सहितको कार्ययोजना समेत पेश गरिएको थियो ।

**१८) नवनियुक्त स्वास्थ्यकर्मीहरुलाई अभिमुखीकरण कार्यक्रम**

यही मिति २०८० साल आश्विन १७ गते बुधबारका दिन स्वास्थ्य शाखाको आयोजनामा हालै मात्रै कार्यालयद्वारा लिइएको परीक्षामा उत्तिर्ण भई करार सम्झौता भएका स्वास्थ्यकर्मीहरुलाई अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।  प्रमुख प्रशासकीय अधिकृत श्री गौतम भण्डारीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा प्रमुख अतिथिको रुपमा नगर उपप्रमुख श्री बन्दना पाण्डेले कार्यालयले जनशक्तिको परिपूर्ति गरी स्वास्थ्य क्षेत्रमा सुधार गर्न खोजेको उल्लेख गर्दै थप जनशक्तिको व्यवस्थाले स्वास्थ्य कार्यक्रमलाई थप व्यवस्थित तुल्याउन सकिने अपेक्षा गरिएको वताउनुभयो । स्वास्थ्य संयोजक श्री सृजना पोखरेलले नयाँ स्वास्थ्यकर्मीहरुलाई शाखाले सम्पादन गरिरहेका कार्यहरु, यस आर्थिक वर्षमा बिनियोजित बजेट तथा कार्यक्रमहरु, नगरपालिकाले गर्न लागेका स्वास्थ्य सम्वन्धी रणनीतिगत कार्यक्रमहरुको सम्वन्धमा प्रस्तुति गर्नुभएको थियो । जनस्वास्थ्य निरिक्षक श्री कृष्ण प्रसाद अधिकारीले सञ्चालन गर्नु भएको उक्त कार्यक्रममा १५ जना नयाँ करार कर्मचारीहरुको उपस्थिति रहेको थियो ।



**१९) ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमको सुरुवात**




मिति २०८० असोज १९ गते पालुङटार नगरपालिकाको आ व ०८०/८१ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अन्तरगत स्वास्थ्य शाखाको आयोजनामा ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमको समुद्धाटन कार्यक्रम मिरकोट स्वास्थ्य चौकीमा एक कार्यक्रमका विच सम्पन्न भएको छ। वडा नं ९ का वडा अध्यक्ष श्री भेजराज पाण्डे ज्यूको अध्यक्षता एवं नगर प्रमुख श्री विवश चिन्तनको प्रमुख आतिथ्यतामा उक्त कार्यक्रम सम्पन्न भएको हो। कार्यक्रमको उद्घाटन गर्दै नगर प्रमुख श्री विवश चिन्तनले नगरपालिकाले विविध कार्यक्रमहरु मार्फत नागरिकको स्वास्थ्य अवस्थामा सुधारका लागि प्रयत्न गरिरहेको वताउनुभयो । शिक्षा, स्वास्थ्य जस्ता दिर्घकालीन प्रतिफल दिने खालका कार्यक्रमहरुमार्फत नागरिकको अवस्थामा सकरात्मक परिवर्तन ल्याउन कार्यालय प्रयत्नशील रहिरहेको वताउँदै नगर प्रमुख श्री चिन्तनले आगामी दिनहरुमा समेत नागरिकसँग निरन्तर जोडिईरहने वताउनुभयो। यसैगरी नगर उपप्रमुख श्री बन्दना पाण्डेले चुनाबमा महिलाहरुका विविध समस्याहरुलाई सम्बोधनका लागि बिशेष कार्यक्रम ल्याउन गरिएको प्रतिवद्वता वमोजिम नै पालिकामा पहिलोपटक यस खालको कार्यक्रमको आयोजना गरिएको वताउनुभयो। कूल १५ जना गर्भवती महिलाहरु उक्त कार्यक्रमबाट लाभान्वित हुनभएको थियो। कार्यालयमा कार्यरत तालिमप्राप्त कर्मचारी श्री सृजना रानामगर मार्फत यस कार्यक्रम आगामी दिनमा घुम्ती रुपमा गर्भवती महिलाहरुलाई लक्षित गरी निरन्तर रुपमा सञ्चालन गरिनेछ।

**२०) विशेषज्ञ डाक्टरद्वारा स्वास्थ्य परीक्षण कार्यक्रम सम्पन्न**

मिति २०८० असोज १९ गते शुक्रवारका दिन पालुङटार नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा मिरकोट स्वास्थ्य चौकीमा बिशेषज्ञ डाक्टरहरुको सहभागितामा स्याटालाईट क्लिनिक कार्यक्रमको शुभारम्भ गरिएको छ । बरिष्ठ विशेषज्ञ डाक्टर गुणराज लोहनी, आँपपिपल अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डाक्टर सन्नी कुमार साह सहित पालुङटार नगरपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख

प्रशासकीय अधिकृत तथा कार्यालयका स्वास्थ्यकर्मीहरुको उपस्थितिमा सम्पन्न उक्त क्लिनिकबाट कूल १८६ जना नागरिकहरु लाभान्वित हुनु भएको छ । कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत सञ्चालित यस कार्यक्रम आगामी दिनमा समेत पालिकाका अन्य स्थानहरुमा समेत क्रमश सञ्चालन गरिने योजना रहेको स्वस्थ्य शाखा प्रमुख श्री सृजना पोखरेलले बताउनु भएको छ ।



**२१) सहरी स्वास्थ्य केन्द्रहरुको उद्धघाटन**

आम नागरिकहरुलाई स्वास्थ्य सेवामा सहज पहुँच पुर्याउने उद्देश्यले पालुङटार नगरकार्यपालिकाको निर्णय अनुसार पालिकाका थप दुई स्थानहरुमा सहरी स्वास्थ्य केन्द्रहरुको स्थापना भएको छ । पालुङटार नगरपालिका वडा नं २ को चापाभञ्ज्याङ तथा वडा नं ३ को डुम्रीडाँडामा छुट्टाछुट्टै कार्यक्रमका विच नगर प्रमुख श्री विवश चिन्तनले उक्त केन्द्रहरुको सिलान्यास तथा कार्यआरम्भ गर्नुभएको हो । नगर प्रमुख श्री विवश चिन्तन, उपप्रमुख श्री बन्दना पाण्डे, प्रमुख प्रशासकीय अधिकृत श्री गौतम भण्डारी, स्वास्थ्य संयोजक श्री सृजना पोखरेल सहित राजनीतिक दलहरुका प्रमुख तथा प्रतिनिधिहरु, जनप्रतिनिधिहरु तथा स्थानीय समुदायहरुको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रम चापाभञ्ज्याङमा वडा नं २ का अध्यक्ष श्री कृष्ण वहादुर थापामगर तथा डुम्रीडाँडामा वडा नं ३ का अध्यक्ष श्री रविन्द्र अधिकारीको अध्यक्षतामा सम्पन्न भएको थियो । थप दुई संस्थाहरुको स्थापनासँगै नगरपालिकामा अस्पताल सहित १७ संस्थाहरु सञ्चालनमा रहेका छन ।



## २२) बजार अनुगमन



पालुङटार नगरपालिका कार्यालयले चाडवाडको समयमा उपभोक्ताहरुको हितका लागि नगरपालिकाका नगर उप-प्रमुख बन्दना पाण्डे ज्यू को नेतृत्वमा पालुङटार नगरपालिकाका व्यापारिक क्षेत्रहरुमा अनुगमन गरिएको थियो । अनुगमन उप समिति संयोजक निर्मला पन्त, राजश्व शाखा प्रमुख सरोज थापा, कृषि शाखा प्रमुख शर्मिला ढकाल, पशु शाखा प्रमुख डा. सुरज मरहट्टा, प्रशासन शाखाका राम प्रसाद पोखरेल, स्वास्थ्य शाखाका तर्फबाट सुमित्रा आले मगर, उधोग बाणिज्य संघ पालुङटारका अध्यक्ष मान बहादुर आले, ईलाका प्रहरी कार्यालयका असई सुदिप भट्टराई, पत्रकार राजेश पौडेल रहेको अनुगमन टोलीले पालुङटार नगरपालिकाको वडा नं. ५,६,७,८,९ र १० का ब्यवासायिक क्षेत्र ठाँटीपोखरी, राधाकृष्ण, हवाईग्राउण्ड, बिरुवाटार, कमलाटार, सेरा, बृद्दी, मिरकोटका बजार क्षेत्रमा रहेका उधोग, किराना पसल, औषधि पसल, मासु पसल, भेटेनरी पसल लगायतका व्यवसायीहरुको व्यवसाय अनुगमन गरेको थियो । नगरपालिकाले बजार अनुगमनको क्रममा फेला पारेका म्याद सकिएका अखाध्य सामाग्रीहरु मिठाई, क्याफिन युक्त पेय पदार्थ, बिक्रीको लागि राखिएको लेउ लागेको पानी, बिस्कुट, पाउरोटी, कोल्ड ड्रिक्सहरु, औषधीहरु जफत गरी जनप्रतिनिधि, कर्मचारी, प्रहरी, पत्रकारको उपस्थितिमा नस्ट गरिएको थियो । असोज २४ गते बुधवारबाट शुरु गरिएको बजार अनुगमन असोज २६ गते शुक्रबार सम्म १ सय ७७ भन्दा बढी व्यवसायहरुको अनुगमन गरिएको थियो ।

## ट) सूचना अधिकारी र प्रमुखको नाम र पद

सूचना अधिकारीः श्री माधव पोखरेल, शिक्षा अधिकृत, अधिकृतस्तर आठौं तह

कार्यालय प्रमुखः श्री गौतम भण्डारी, प्रमुख प्रशासकीय अधिकृत

## ठ) ऐन, नियम, विनियम वा निर्देशिकाको सूचि




संघ एवं प्रदेशका विभिन्न कानुनका साथै नगरसभा एवं कार्यपालिका आफैद्वारा निर्मित कानूनहरु समेतका आधारमा नगरपालिका संचालित हुन्छ । नगरपालिकाद्वारा पारित विभिन्न ऐन, नियमावली एवं कार्यविधिहरुको विस्तृत विवरण कार्यालयको वेभसाइटमा उपलब्ध रहेको छ ।

Link: https://palungtarmun.gov.np/np/page/gazette

## ड) आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरण

चालु आर्थिक वर्षको पहिलो तिन महिनामा जम्मा संघिय सरकार/प्रदेश सरकारवाट समानिकरण अनुदान र सशर्त अनुदान गरि जम्मा रु १६९५०६७५० /- अक्षरुपि सोह्र करोड पन्चानव्य लाख छ हजार सात सय पचास मात्र र राजश्व वाडफाड सघिय सरकार / प्रदेश सरकारवाट जम्मा रु १३०६०२३० /- अक्षरुपि एक करोड तिस लाख साठी हजार दुई सय तिस मात्र र गत वर्षको अल्या साथै आन्तरिक आम्दानी गरि कुल १९०१०३०२० गरि जम्मा रु ३७२६७०००० आम्दानी भएको छ .

चालु आ.बको कुल बजेट रु ९६१९८९३९७।९३ अक्षरुपि छयानब्य लाख उन्नाईस करोड उनान्नब्य हजार तिन सय सन्तानव्य पैशा त्रियानब्य मात्र रहेकोमा चालु खर्च खर्च तर्फ ५७६८९७३९७।९३ अक्षरुपि सन्तनब्य करोड अड्सठ्ठी लाख सन्तानब्य हजार तिन सय सन्तानव्य पैसा त्रियानब्य विनयोजन भएको मध्ये रु १२५५१०१६१।०० वाह्र करोड पचपन्न लाख दश हजार एक सय एकसठ्ठी मात्र खर्च भएको छ । जुन कुल चालु वजेटको २१.७६ प्रतिशत हुन आउछ । यसै गरि कुल पुजिगत बजेट रु ३८५०९२०००.०० अक्षरुपि अड्तिस करोड पचास लाख बयानव्य हजार मात्र मध्ये ५०२४१८८१ अक्षरुपि पाच करोड दुई लाख एकचालिस हजार आठ सय एकासि मात्र खर्च भएको छ ।जुन कुल पुजिगत वजेटको १३.०५ प्रतिशत हुन आउने देखिन्छ । चालु आ.बको प्रथम तिन महिनामा औषत

१८.२६ प्रतिशत खर्च भएको अवस्था छ । अघिल्लो आ.बको प्रथम त्रैमासिक अवधिमा चालु तर्फ २१.७३ प्रतिशत र पुजिगत खर्च तर्फ २.०६ प्रतिशत गरि जम्मा १४.९६ प्रतिशत मात्र खर्च भएको अवस्था थियो ।

**ढ) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण**

कार्यालयद्वारा अघिल्ला आर्थिक वर्षमा समेत थुप्रै कार्यक्रम वा आयोजना सञ्चालन गरेको छ जुन कार्यालयको वार्षिक कार्यक्रमका रुपमा एवं वार्षिक प्रतिवेदनका रुपमा कार्यालयको वेभसाइट www.palungtarmun.gov.np मा उपलब्ध रहेको छ ।

**ण) सार्वजनिक निकायको वेभसाइट भएको भए सो को विवरण**

कार्यालयको वेभसाइट www.palungtarmun.gov.np रहेको छ ।

**त) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्वन्धी विवरण**

संवैधानिक रुपमा स्थानीय तहलाई सो प्रकृतिका कार्यहरु सम्पादन गर्ने अधिकार नरहेको कारण यस नगरपालिकाले प्रत्यक्षतः कुनै पनि वैदेशिक सहायता, ऋण, अनुदान र प्राविधिक सहयोगमा हस्ताक्षर गरेको छैन ।

**थ) सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी**

यस नगरपालिकाले व्यवस्थित रुपमा सूचनाहरुको वर्गीकरण गरेको छैन । कार्यालयसँग सम्वन्धित विभिन्न प्रकारका सूचनाहरु कार्यालयका अभिलेखका रुपमा विभिन्न ढंगले सुरक्षित राखिएका छन ।

**द) सार्वजनिक निकायमा परेका सूचना माग सम्वन्धी निवेदन र सो उपर सूचना दिइएको**

पालुङटार नगरपालिकामा विगतदेखि नै विभिन्न विषयमा विभिन्न व्यक्तिहरुले विभिन्न प्रयोजनको लागि सूचना माग गरिदै आएको छ । नगरपालिकाले त्यसरी सूचना माग भएकोमा सूचनाको प्रकृति र गाम्भिर्यतालाई ध्याद दिदै जतिसक्दो छिटो सूचना उपलब्ध गराउदै आएको छ। हालसम्म सुचना माग र उपलब्धताको अवस्था देहाय बमोजिम रहेको छ।

| आ.व | सूचना माग भएको संख्या | सूचना उपलब्ध गराइएको संख्या | स्वत: प्रकाशन |
|---|---|---|---|
| ०७५/७६ | ४ | ४ | नभएको |
| ०७६/७७ | ४ | ४ | नभएको |
| ०७७/७८ | ५ | ५ | नभएको |
| ०७८/७९ | ४ | ४ | भएको |
| ०७९/८० | ५ | ५ | भएको |
| ०८०/८१ | १ | १ | भएको |

**ध) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण**

कार्यालयका सूचनाहरु कार्यालयको वेभसाइटका अतिरिक्त कार्यालयको फेसवुक पेज *palungtar municipality palungtar gorkha* तथा नगर प्रमुखको सचिवालयद्वारा सञ्चालित फेसवुक पेज *विवस चिन्तन सचिवालय* बाट समेत प्राप्त गर्न सकिन्छ ।

****************************** **धन्यवाद** ******************************